८।१३२
८७/८/३/२५

नेपाल सरकार
गृह मन्त्रालय

विषय : शीतलहरमा तत्काल राहत सम्वन्धमा ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०७४।०९।१३

१. विषयको संक्षिप्त व्यहोरा :

हाल तराईमा चलेको शीतलहर तथा चिसोका कारण जनजिवन कष्टकर बन्दै गईरहेको तथा चिसोको अत्याधिक असर परेको खबरहरु गृह मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रमा प्राप्त भई रहेको छ । विशेष गरी तराईका २२ जिल्लाहरु क्रमसः झापा, सुनसरी, मोरङ्ग, सप्तरी, उदयपुर, सिराहा, धनुषा, सार्लाही, महोत्तरी, रौतहट, बारा, पर्सा, नवलपरासी (बर्दघाटसुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र चितवन बढी प्रभावित देखिएको छ । यी जिल्लाहरुमा तुरुन्त चिसोबाट बच्नका लागि आवश्यक पूर्वतयारीको कार्य गर्न अति आवश्यक देखिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले प्रतिकार्य गर्ने तथा राहत वितरण गर्ने अवधारणा राखे अनुरुप नेपाल सरकारले निर्धारण गरेको प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, (छैटौं संशोधन) २०७४ अनुसार प्रकोपमा परेकाहलाई आवश्यक राहत प्रदान गरिदै आएको अवस्था छ. यस राहत मापदण्डले प्रकोपमा परी क्षति भईसकेको अवस्थामा मात्र राहत दिने व्यवस्था गरेको तथा पूर्वतयारीका सम्बन्धमा मापदण्ड बमोजिम रकम खर्च गर्ने पाउने अवस्था नरहेको कारणले यस अवस्थामा विशेष निर्णय गर्नुपर्ने देखिएको छ ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश :

प्रकरण १ मा उल्लेख भएअनुरुप तराईका २२ जिल्लाहरुमा तत्काल कम्बल तथा दाउरा किनी वितरण गर्नका लागि रकम आवश्यक पर्ने देखिएको छ । ती जिल्लाहरुमा प्रति जिल्ला रु. १०(दश) लाखका दरले कुल रु. २(दुई) करोड २०(बीस) लाख रकम उपलब्ध गराउनु पर्ने देखिन्छ । उक्त रकम अर्थ मन्त्रालयबाट गृह मन्त्रालयमा रहेको केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा रकम निकासा प्राप्त गर्ने र उक्त कोषबाट तराईका ती २२ जिल्लाहरुमा तुरुन्त कम्बल तथा दाउरा किनी वितरण गर्न रकम पठाउन आवश्यक भएकोले मन्त्रिपरिषदमा प्रस्ताव लैजान सम्माननीय प्रधानमन्त्री तथा गृहमन्त्रीज्यूबाट मिति २०७४।०९।१३ गते स्वीकृती प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची ० को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :

(क) उपरोक्त अनुसारका २२ जिल्लाहरुमा कम्बल तथा दाउरा वितरण गर्ने प्रयोजनका लागि प्रति जिल्ला रु. १०(दश) लाखका दरले केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट रकम उपलब्ध गराउने ।

(ख) दफा (क) अनुसार लाग्ने जम्मा रकम रु. २(दुई) करोड २०(बीस) लाख अर्थ मन्त्रालयले गृह मन्त्रालय केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा निकासा दिने ।

(ग) उक्त राहत कार्यका लागि आवश्यक काठ दाउरा जिल्ला वन कार्यालय र टिम्बर कर्पोरेसन अफ नेपालले उपलब्ध गराउने र सो कार्यका लागि वन तथा भू-संरक्षण मन्त्रालयले समन्वय गर्ने ।

(घ) अति विपन्न परिवारको पहिचान, वितरण र आवश्यक संयन्त्र सहितको मापदण्ड जिल्ला विपद् व्यवस्थापन समितिले तयार गरी सोही समितिले उक्त राहत वितरण गर्ने व्यवस्था गराउने ।

सचिव

(ङ) हाल काठमाडौं स्थित मानवीय सहायता स्थल र सशस्त्र प्रहरी बल नेपालको गोदामहरुमा मौज्दातमा रहेका कम्बल तथा न्यानो कपडाहरु सशस्त्र प्रहरी बल, नेपाल र नेपाल प्रहरीका ट्रकहरुबाट ढुवानी गरी तराईका प्रभावित जिल्लाहरुमा वितरण गर्ने व्यवस्था मिलाउने ।

मिति : २०७४।०९।१३

(मोहनकृष्ण सापकोटा)
सचिव

श्री सचिव,
गृह मन्त्रालय ।

शीतलहरमा तत्काल राहत विषयको गृह मन्त्रालयको नं. ९/१३२-०७४/९/२१ को प्रस्ताव मं.प.बै.सं. ४५।०७४ मिति २०७४।९।२१ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु —

नेपाल सरकारको निर्णय —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( लोकदर्शन रेग्मी )
मुख्यसचिव
२०७४।९।२१